जनहितमा जारी

आफ्नो घर वरपर तथा सडकमा सफाइ मापदण्डको पालना गरौं ।

समर्पण सेवा संस्था

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

prateekdaily.com

श्रम ऐन, २०७४ को पालना गरौं, श्रमिक, श्रमिक आपूर्तिकर्ता र रोजगार दाता सजग बनौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ कात्तिक २६ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2020 November 11 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ८१

## ट्राफिक व्यवस्थापनमा ट्राफिक प्रहरी नै लापरवाह

प्रस, वीरगंज, २५ कात्तिक/

वीरगंजको ट्राफिक व्यवस्थापनमा ट्राफिक प्रहरी नै लापरवाह देखिएको छ। सोमवार मात्र महानगरको ट्राफिक र आन्तरिक राजस्व कार्यालय, गीता मन्दिर रोडदेखि माईस्थान चोकसम्म सडक निर्माण शुरू गरेकोले वीरगंजको ट्राफिक केही दिनदेखि अस्तव्यस्त छ । आलोचना खेप्नुपरेको हो ।

वीरगंज मनपाको घण्टाघरदेखि माईस्थानसम्मको मुख्य सडक बन्द गरिएपछि सवारीसाधनहरू यत्रतत्रबाट



तस्वीर: प्रतीक





सडक अवरुद्ध गरि निजी नेटवर्कको कार्य गरिंदै । तस्वीर: प्रतीक

गन्तव्यतर्फ जानुपरेको थियो ।

सो क्रममा महानगरका सहायक सडकहरू पनि सवारीसाधनले जाम हुन पुग्यो ।

... व्यवस्थापनको लागि जिल्ला प्रहरी कार्यालय, पर्साले छलफल गरेको थियो।

छलफलमा ट्राफिक व्यवस्थापनमा स्थानीय जनप्रतिनिधि र महानगरले चासो नदेखाएको भनी सहभागीहरूले दुःखेसो पनि पोखेका थिए ।

तर छलफलको भोलिपल्ट आज मङ्गलवार ट्राफिक प्रहरीले घण्टाघरदेखि माईस्थान क्षेत्रमा निजी इन्टरनेट कम्पनीको तार जडानको लागि मुख्य बाटो अवरोध गऱ्यो ।

सघन शहरी तथा भौतिक निर्माण कार्यालयले वीरगंज महानगरको आदर्शनगर चोकदेखि क्याम्पस रोडसम्म विकास निर्माणको काम सबैको हितमा हो तर ट्राफिकले निजी इन्टरनेट कम्पनीको तार जडानको लागि आज वीरगंजको मुख्य सडक अवरोध गर्दा

## रक्सौल विधानसभामा बिजेपी उम्मेदवार प्रमोद सिन्हा जीत नजीक

प्रस, रक्सौल, २५ कात्तिक/

भारत बिहार रक्सौल विधानसभा क्षेत्रमा एनडिए समूहको बिजेपी उम्मेदवार जीत नजीक पुगेका छन् ।

भारतीय चुनाव आयोगद्वारा जारी डाटा अनुसार नोभेम्बर १० तारिख मङ्गलवारको दिन बिहान ८ बजेदेखि शुरू भएको मतगणना नतीजा अनुसार बिजेपी उम्मेदवार प्रमोदकुमार सिन्हा जीत नजीक पुगेका हुन् ।

मङ्गलवार साँझ पौने ७ बजे समाचार तयार पार्दासम्म उनको मत ५८ हजार १ रहेको छ भने दोस्रो स्थानमा महागठबन्धनबाट काङ्ग्रेसबाट चुनाव लडेका रामबाबूप्रसाद यादवले २९ हजार ५ सय ६ मत ल्याएका छन् ।

त्यसैगरी, तेस्रो स्थानमा सुरेशकुमार यादव रहेका छन् । उनले २२ हजार ८ सय ४७ मत ल्याएका छन् ।

रक्सौल विधानसभा क्षेत्रका भाजपाबाट वर्तमान विधायकसमेत रहेका डा अजयकुमार सिंह मायावतीको बुहजन समाजवादी पार्टीबाट चुनावी मैदानमा उत्रेका थिए । उनी ९ हजार ९ सय २० मत हासिल गरी चौथो स्थानमा रहेका छन् ।

समाचार तयार पार्दा बिहारमा एनडिए समूहले नै सरकार बनाउने सम्भावना देखिएको छ ।

मतगणनाको ५ घण्टासम्म महागठबन्धनले बढत बनाएको थियो भने दिउँसो १२ बजेपछि एनडिएले महागठबन्धनलाई पछि पारेको थियो ।

साँझ पौने सात बजेसम्म एनडिए १२४ सिट, महागठबन्धन १११ सिट र ८ सिटमा अन्य उम्मेदवारले बढत बनाएका



प्रमोदकुमार सिन्हा

छन् ।

मङ्गलवार अबेर रातिसम्म बिहार विधानसभा चुनावको नतीजा आउने भारतीय चुनाव आयोगको आकलन छ ।

## बजियानका किसानहरू दलहन र तेलहन खेतीमा व्यस्त

प्रस, पोखरिया, २५ कात्तिक/

पर्सा जिल्लाको बजियानमा अहिले



तस्वीरः प्रतीक

धानबाली काट्ने, भित्र्याउनेसँगै गहुँबाली रोप्ने र दलहन तथा तेलहन खेती गर्ने कार्य शुरू भएको छ ।

कतिपय किसानले धानखेती कटानी गरिसकेका छन् र गहुँ रोप्ने तरखरमा छन् ।

केही किसानले धानबालीमैं दलहनखेती शुरू गरेका छन् । धानसँगै दलहनखेती गरिने यहाँ चलन छ। धान कटानी गरेका केही किसानले दलहनमा मुसुरो, खेसारी, तेलहनमा तोरी, आलस र तरकारी खेतीमा आलु रोप्दैछन् ।

बजियानमा विन्ध्यवासिनी, पकाहामैनपुर, कालिकामाई, धोबिनी, छिपहरमाई, जगरनाथपुर गाउँपालिका र पोखरिया तथा बहुदरमाई नगरपालिका पर्छन् ।

अहिले धानखेतीसँगै किसानहरूलाई गहुँ, तेलहन र दलहन खेतीका लागि मलको आवश्यक परेको छ तर किसानहरूले मल पाउन सकेका छैनन् । गाउँघरमा मल नपाएपछि उनीहरू अहिले भारतको इनर्वा, मैनाटार, सिकटा, भेलाहीलगायतका ठाउँबाट मल ल्याइरहेका छन् ।

## असोजदेखि शुल्क लिने प्याब्सनको निर्णय

प्रस, वीरगंज, २५ कात्तिक/

प्याब्सन पर्साले लकडाउन अवधिमा विद्यालय सञ्चालन नभएको शुल्क नलिने निर्णय गरेको छ ।

प्यासन पर्साको आज बसेको बैठकले लकडाउनपछि असोज १ गतेदेखि विद्यालय सञ्चालन भएको हुनाले सोही अवधिदेखिको मात्र शुल्क लिने निर्णय भएको प्याब्सन पर्साका अध्यक्ष डा हरिशङ्कर साहले बताए ।

लामो समयदेखि विद्यालय बन्द हुँदा शिक्षकको तलब, घरभाडा, बिजुली बत्तीलगायतका शुल्क मिनहा नभएको हुँदा विद्यार्थीहरूसँग मासिक शुल्क लिने–नलिने विषयमा प्याबसन पर्सासँग आबद्ध विद्यालयबीच मतान्तर थियो। प्याब्सनसँग आबद्ध केही विद्यालयले अनलाइन शिक्षा शुरू गरेको र शुल्क माग गरेकोमा बैठकले अभिभावक र विद्यालयबीच आपसी समझदारीमा सो समस्या समाधान गर्न सुझाएको छ ।

## लजिस्टिक नियमावली नबन्दा नेपाली आयातकर्ता समस्यामा –व्यवसायी

राधेश्याम पटेल, परवानीपुर, २५ कात्तिक/

नेपाल आयातमा निर्भर मुलुक हो । यहाँ सियोदेखि सुनसम्म छिमेकी राष्ट्र भारत, चीन तथा तेस्रो मुलुकबाट आयात गर्नुपर्छ। त्यहीं आयात–निर्यातलाई सहज बनाउने लजिस्टिक कम्पनी सञ्चालन नियमावली नबनेको कारण आयातकर्ताहरू समस्यामा छन् ।

नेपाल सरकार र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले लजिस्टिक व्यवसाय व्यवस्थित सञ्चालनका लागि नियमावली यसअघि बनाउनुपर्ने हो । लजिस्टिक नियमावली नबनेको कारण लजिस्टिक कम्पनीहरू कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता गरेर काम गर्न बाध्य भएको वीरगंजका उद्योगी व्यवसायीहरूले गुनासो गरेका छन् ।

नेपाल उद्योग वाणिज्य महासङ्घ मातहतका पारवहन तथा यातायात समिति संयोजक एवं वीरगंज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष अशोक टेमानीले भने, "सरकारले चाहेको छैन कि लजिस्टिक व्यवसाय पनि एउटा उद्योग सरह नै दर्ता भएर नेपालमा फस्टाओस्, त्यस कारण ऐन नियमावली नबनाएको हो, नियमावली बनेको भए अहिलेसम्म नेपाली लगानीकर्ताहरूले विदेशबाट मालसामान आयात–निर्यात गर्न लगानी गरिसकेका हुने थिए ।"

अहिले वीरगंज र काठमाडौंमा समेत गरी दुई दर्जनभन्दा बढी लजिस्टिक







अशोक टेमानी



सुरेश रुँगटा



माधव राजपाल

कम्पनी कम्पनी रजिस्ट्रारमा दर्ता भएर काम गरिरहेका छन्। उद्योगी टेमानीले तीन वर्ष पहिले वीरगंजमा २ करोड रुपैयाँ लगानी गरेर यश लजिस्टिक प्रालि दर्ता गरेर व्यवसायलाई सहजीकरण गरिरहेका छन् । यदि सरकारले लजिस्टिक व्यवसायको लागि नियमावली बनाएको खण्डमा विदेशी लजिस्टिक कम्पनीहरू पनि स्थानीय साझेदार खोजेर कम्पनी दर्ता गरी सेवा उपलब्ध गराउन दबाब पुग्ने उनको विश्वास छ ।

उनले निजी क्षेत्रले श्रीसिया सुक्खा बन्दरगाहको यार्ड अभावलाई मध्यनजर गर्दै ड्राइपोर्ट भन्सारबाहिर १० बिघा जग्गा लिएर निजी टर्मिनल यार्ड बनाउन खोज्दा पनि सरकारले चासो नदिएको बताए। "निजी क्षेत्रले निजी ड्राइपोर्ट बनाउन चाहेका छन्, जग्गा पनि खरीद भइसकेको छ, सरकारले अनुमति दिनुपऱ्यो, अनि भारतीय रेलवेको कनेक्टिभिटी पनि उक्त ड्राइपोर्टसम्म पुऱ्याइदिनुपर्छ। यसो भएमा श्रीसिया सुक्खा बन्दरगाहको भार पनि कम हुन्छ र प्रतिस्पर्धा बढ्दा निजी क्षेत्रका सामान आयातकर्ताहरूलाई आयात खर्च घटाउन बार्गेनिङ गर्न सकिन्छ," टेमानीको तर्क छ ।

वीरगंजका अर्का उद्योगी माधव राजपालले लजिस्टिक नियमावली नबन्दा विदेशी कम्पनी दर्ता हुन नपाएकाले नेपाली व्यवसायीले डलर र भारतीय रुपैयाँमा भुक्तानी गर्न समस्या भएको सुनाए । "भारतको कोलकातामा अधिकांश विदेशी लजिस्टिक कम्पनीका कार्यालय छन्, नेपाली व्यवसायीले बैंकिङ प्रणालीबाट भारतीय रुपैयाँ खरीद गरी ती लजिस्टिक कम्पनीहरूलाई भुक्तानी गर्नुपर्ने झन्झट हुन्छ, यसरी दुई/तीन दिन बैंकको प्रक्रिया पूरा गर्नमैं बित्छ, अर्कोतर्फ हामीले भारु खरीद गर्दा अतिरिक्त शुल्क पनि तिर्नुपर्छ। कोलकातामा कार्यालय नखोलेका विदेशी लजिस्टिक कम्पनीहरूलाई त डलरमैं भुक्तानी गर्नुपर्ने बाध्यता छ ।"

यस सम्बन्धमा वीरगंजका अर्का उद्योगी सुरेश रुँगटाले नेपाल सरकारले चर्को राजस्व, शुल्क तथा जरिवाना लिन मात्रै जानेको उद्यम व्यापारका लागि कसरी सहज हुन्छ भन्नेतर्फ सोच्दा पनि

(बाँकी पाँचौं पातामा)

मरेको माछालाई मात्र पानीको प्रवाहले बाटोमा लैजान्छ। जीवित माछाले आफ्नो बाटो आफैं निर्धारण गर्छ।

-विचारसार र सूक्तिहरू

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# वीरगंजको ट्राफिक व्यवस्थापन

**वीरगंजको ट्राफिक व्यवस्थापन भालुको कन्पट भएको छ । यसो हुनुमा प्रमुख कारण सडक साँघुरो हुनु हो । यसलाई फराकिलो नपारुन्जेल समाधान निस्कँदैन । हो, सान्है गान्होसान्हो पर्दा एक निकायले अर्को निकायमाथि दोष थुपार्ने, व्यक्तिगत रिस–इवी साध्ने काममा भने अनियमित ट्राफिकले चाहिंदो सहयोग भने पुऱ्याइरहेको छ । दोस्रो समस्या भनेको प्राय: बैंकहरू खास ठाउँमा सीमित हुनु हो । आजको युगमा समस्त आर्थिक कारोबार बैंकबाटै हुने भएकोले तिनका शाखा–उपशाखा एकै ठाउँमा, खासगरी मेनरोड र आदर्शनगरमा हुनु पनि हो। बैंक, पसलजस्तो उपभोक्ता सामग्रीको विक्रेताहरूले बढी मानिसको आवागमन हुने स्थानलाई कारोबार गर्ने ठाउँ रोज्नु स्वाभाविक हुने भएकोले भीड एकै ठाउँमा एकत्र हुने कुराबाट इन्कार गर्न सकिन्न । जहाँ कारोबार बढी हुन्छ, त्यहाँ मानिसको भीड लाग्छ, मानिस थुप्रै भएपछि सवारीसाधन पनि बढी हुन्छ। मानिस पनि बढी र सवारीसाधन पनि बढी भएपछि सवारी व्यवस्थापन जटिल हुने भइहाल्यो ।**

**तेस्रो समस्या छ, ट्राफिक प्रहरीको । शहर दिनदिनै फैलिंदै गएको छ । विभिन्न ठाउँमा चोक–चौतारो बनेका छन्, सडक सञ्जाल पनि फिंजिएको छ । तर ट्राफिक प्रहरीको सङ्ख्याले यी सबै ठाउँ हेर्न सक्दैन । वीरगंजलाई महानगरपालिका भनिन्छ, तर यहाँ एउटा ठाउँमा पनि ट्राफिक नियन्त्रक लाइट छैन । ट्राफिक व्यवस्थापनमा योभन्दा ठूलो विडम्बना के होला ? शहरमा त घरपिच्छे दुई–तीनवटा दुई पाङ्ग्रे सवारीसाधन छन्, चार पाङ्ग्रेको सङ्ख्या पनि सडकको लम्बाइ–चौडाइले धान्नेभन्दा धेरै छ । सार्वजनिक सवारीको एउटा साधन यस महानगरपालिकाको सडकमा छैन । सबै आफ्नै सवारीसाधन चढ्छन्, नहुनेले रिक्शा चढ्छन्, विद्युतीय होस् वा मानव चालक । यसले पनि ट्राफिक व्यवस्थापनमा ठूलो अवरोध पुऱ्याउने गरेको छ । तर यिनको विकल्प आजसम्म वीरगंज महानगरपालिका, वीरगंजको नागरिक समाज वा ट्राफिक प्रहरी वा जिम्मेवार, कुनै पनि सरकारी निकायको दायित्वभित्र पर्न सकेको छैन। यस्तोमा फलानोको दायित्व हो, गरेन, हामी एक्लैले गरेर हुँदैन भन्ने गुनासोबाहेक केही पनि सुन्न पाइन्न । यसको विकल्पका लागि सबैले मूल समस्या उधिन्नुपर्छ र त्यसको कार्यान्वयनमा निष्पक्ष, पूर्वाग्रहरहित भएर लाग्नुपर्छ । अन्यथा रोइ–कराइ मात्र रहनुबाहेक केही हुन सक्दैन ।**

**आज वीरगंजको सबैभन्दा ठूलो र प्राथमिक आवश्यकता हो, मूल सडक फराकिलो पार्नु । भीड हुने सरोकारका कार्यालयहरूलाई सबै वडामा छर्नु। २०६८ सालको जनगणना अनुसार अढाई लाख जनसङ्ख्या भएको महानगरपालिकामा व्यवस्थित भनिएको बजार एउटा मात्र छ । बजारहरू नै अपर्याप्त छन्, जो छन् ती व्यवस्थित छैनन् । नगरवासीमा नागरिक चेतना ठ्याम्मै छैन भने पनि हुन्छ। आफैंले के गर्दा सबैलाई सजिलो हुन्छ भन्ने कसैले सोच्दैन, बरु के गरेर असजिलो पार्न सकिन्छ, त्यसमा कोही कसैभन्दा पछि रहँदैन। उपलब्ध साधन–स्रोतमा प्रहरीले ट्राफिक व्यवस्थापन गर्न खोज्छ, नागरिकले अधिकारको अत्तो थापिहाल्छ। सडकमा पार्क गर्न नदिने नियम लगाउँछ, सवारीसाधनले फूटपाथ नै भरिन्छ । जथाभावी पार्किङ गर्न नदिंदा पसलेहरू ग्राहक गुम्यो भनेर आन्दोलन गर्छन्। यस्तो नागरिक चेतना, साँघुरो सडकमा ट्राफिक व्यवस्थापन ! आकाशको फल मात्र हो ।**

# प्रतीक्षा गरौं आउँदैछ परिवर्तनको चौथो लहर

स्वतन्त्र विचार



विनोद गुप्ता

**अमेरिकाको निर्वाचनको दौरान उठेका मुद्दाहरूसँग तुलना गरी हेर्दा एउटा खास वर्गलाई छाडा हुन दिएको, कोरोना नियन्त्रणमा असफल भएको र आर्थिक वृद्धिदर ०.६ प्रतिशत रहने प्रक्षेपण भइरहेको अवस्थामा अमेरिकाबाट चलेको हावा बिहार हुँदै नेपाल प्रवेश नगर्ला भन्न सकिंदैन ।**

व्यवस्थापन विज्ञानको भाषामा परिवर्तन राम्रोको लागि हुनुपर्दछ । यो परिवर्तन दुई प्रकारले हुने गर्दछ । एउटालाई आमूल परिवर्तन र दोस्रोलाई क्रमिक परिवर्तन भनिन्छ। परिवर्तनमा दुई प्रकारको बल प्रयोग हुने गर्दछ । परिवर्तनलाई रोक्ने बललाई अवरोधक बल र परिवर्तनलाई सघाउने बललाई वाहक शक्ति भनिन्छ । नेपालमा माओवादी जनयुद्ध आमूल परिवर्तनको उद्देश्य लिएर भएको थियो तर यसको अन्त्य भने क्रमिक परिवर्तनको रूपमा भयो । समाजको चरित्र पनि परिवर्तनशील हुन्छ र यसमा पनि दुवै प्रकारका बलले कार्य गरिरहेको हुन्छ । शान्ति सम्झौतापछि क्रमिक सुधारको चपेटामा परेका लडाकूहरूको सत्ता प्राप्ति गरेर शासक बन्ने मोह तह लगाउन कमरेड प्रचण्डलाई परेको अप्ठेरोलाई उनले आफू अभिमन्युसरह चक्रव्यूहमा परेको भन्दै यसबाट उम्किने प्रयासस्वरूप काङ्ग्रेससँग बनेको सरकारबाट अभीष्टहरू, खास गरेर सङ्क्रमणकालीन न्याय र बेपत्ता सम्बन्धमा रहेको असन्तुष्टि समेतलाई गाभेर एमालेसँग एकीकरण गर्न पुगेका हुन्। तर समस्या कहाँनेर भयो भने प्रजातन्त्र प्राप्तिपछि सबैभन्दा बढी समय नेपाली काङ्ग्रेस सरकारमा रहेकोले सत्ताको जति आवश्यकता प्रचण्ड कमरेडलाई थियो त्यत्ति नै प्रम ओली वा भनौं एमाले समूहलाई पनि थियो । जित्नको लागि दुवै सँगै बस्नु जरूरी थियो र त्यसैको लागि एक ठाउँमा बस्न पुग्दा 'एक म्यान में दो तलवार' को अवस्था पैदा भयो र आजको रँडाको मच्चिएको हो ।

अन्तर्राष्ट्रिय स्तरमा भारत र अमेरिकासँग सम्बन्धको स्तरमा गिरावट आउनु, बङ्गलादेशबाट मल आउन नसक्नु यो सरकारको असफलताको कारण हो भने राष्ट्रिय स्तरमा काण्डैकाण्डले भरिएको कार्यकाल, कोरोना उपचारको असफलता, खासगरी विकास बजेट खर्च हुन नसक्नु छँदै थियो, तर हद तब भयो जब शक्ति प्रदर्शनको लागि कर्णाली विवाद शुरू भयो । हदभन्दा बढी तब भयो जब वीरगंजमा नेकपाकै कार्यकर्ता मुकेश चौरसियाको हत्यापछि ८ दिनसम्म देशकै लागि कलङ्क हुने दुर्भाग्यपूर्ण नाटक मञ्चन भयो। नेकपाका पूर्व सभासद्को नाम राखेर उजूरी दिइएकोले जाहेरी नबुझ्ने पर्सा एसपीको अडान कानूनसम्मत थिएन । जाहेरी बुझ्दैमा पूर्वसभासद् अपराधी साबित हुने थिएनन्। सरकारी वकीलको कार्यालयमार्फत जाहेरी बुझेपनि पूर्वसभासद् फरार नै छन्। पहिले पनि त्यस्तै हुन्थ्यो। त्यो भएको भए कानूनको इज्जत जोगिने थियो। तर त्यो नभएर नेकपाका मातृका यादवलगायत नेताहरूको आन्दोलन र त्योभन्दा महाविजोग कमरेड प्रचण्डले जाहेरी यथावस्थामा बुझ्न सम्बन्धित निकाय अर्थात् स्थानीय प्रशासनसँग गुहार माग्नुपऱ्यो। माओवादी जनयुद्धका सर्वोच्च कमाण्डले स्थानीय सुरक्षा अधिकारीसँग जाहेरी दर्ता गर्न माग गर्नुपर्ने अवस्थाले प्रचण्डको स्थानका साथै देशको कानूनी राज्य व्यवस्थाको दयनीय अवस्था दर्शाउँछ। ७–८ दिनसम्म प्रहरीको लागि गैरकानूनी भएको जाहेरी सरकारी वकीलको कार्यालयमा हुबहु त्यही स्वरूपमा पुगेर प्रहरी समक्ष आउँदा कानूनसम्मत हुन पुग्यो। आखिर किन ?

समाजको गति क्रमिक परिवर्तनको पक्षधर हुन्छ र समयसापेक्ष पनि हुन्छ, त्यो क्रमशः राष्ट्रभरि फैलिन्छ र त्यो अवस्थामा परिवर्तनकारी वा हाँक्ने बल क्रमशः बलियो हुँदै गएर अवरोधक बल कमजोर हुन पुग्छ र परिवर्तन हुन्छ । तर यस्तो परिवर्तनलाई समेत व्यवस्थित गर्न नेतृत्वको खाँचो पर्दछ । नेतृत्वले परिवर्तन पछाडि यसलाई स्थिरता र स्थायित्व प्रदान गर्ने काम गर्दछ। यस्तो नहुँदा अवरोध गर्ने समूहले परिवर्तनलाई स्थिर हुन दिंदैन र विकास हुन सक्दैन। विश्वको राजनैतिक इतिहासलाई हेर्दा सन् १८२८ देखि १९२६ सम्म लोकतन्त्रको लहर चलेको पाइन्छ, जसबाट पश्चिम युरोप हुँदै अमेरिका र अस्ट्रेलियासम्म पुगेको देखिन्छ। प्रजातन्त्रको दोस्रो लहर भने १९४५ देखि १९६२ सम्म चलेको थियो । यसले अफ्रिका र एशियाका अधिकांश मुलुकहरूमा पश्चिमा मोडेलको प्रजातन्त्र स्थापना भएको थियो। युरोपेली साम्राज्यको अन्त्य हुनुका साथै अफ्रिका र एशियाका धेरै मुलुक स्वतन्त्र भएका थिए । नेपालमा पनि राणा शासनको समाप्ति यसै बेला भएको हो ।

नेपाली काङ्ग्रेसको नेतृत्वमा भएको २००७ सालको क्रान्तिपश्चात् नेपालमा राणाकालको अन्त्य भएको थियो। तर फेरि १९५४ देखि १९७५ सम्म 'प्रतिगामी लहर' पनि चलेको पाइन्छ, जुन क्रममा नेपालमा राजा महेन्द्रले प्रजातन्त्र मासेर सत्ता आफ्नो हातमा लिए । यो 'कू' किन सम्भव भयो भने त्यति बेलाको नेकाको सरकारको नेतृत्व गर्ने नेता स्व. विपी कोइरालाले अन्तर्राष्ट्रिय र राष्ट्रिय स्तरमैं प्रजातन्त्र समर्थक बललाई स्थिरता र स्थायित्व दिन चुके। तेस्रो लहर सन् १९७४ देखि १९९० सम्म चलेको मानिन्छ। यो लहरले नै ९० को दशकमा गोर्वाचोभलाई 'ग्लास्नोस्त' र 'पेरेस्त्रोइका' ल्याउन बाध्य पारेको थियो। त्यसपछि सोभियत सङ्घको विघटन हुँदै लोकतन्त्र स्थापनाको शुरूआत भएको पाइन्छ ।

दोस्रो र तेस्रो चरणको सन् ८० को दशकसम्मको अवधिमा प्रायः सैनिक विद्रोह वा गृहयुद्धबाट सत्तापलट हुँदै आएपनि त्यसपछिको अवधिमा हतियारको प्रयोगबाट ल्याइने सत्ता परिवर्तनमा क्रमिक कमी आउँदै गएको र त्यसको सट्टा संविधानप्रदत्त अधिकारको आफूखुशी व्याख्या गरी एकलौटी ढङ्गले शासन सत्ता सञ्चालन गरी तानाशाहीको नयाँ नमूना प्रयोग गर्ने गरेको पाइन्छ। चौथो लहर ९० देखि नै निरन्तर स्वरूप परिवर्तन गरी चलिरहेको र यसैले नेपाललगायत दक्षिण अमेरिकी देशहरूमा प्रजातन्त्रको स्थापना भएको पाइन्छ। तर लोकतन्त्रको स्थापनापश्चात् परिवर्तनको वेगलाई रोक्ने केही अवरोधक बल पनि समाजमा हुन्छ जसले नियम कानूनको अपव्याख्या गरेर प्रजातन्त्रकै नाममा प्रजातन्त्रको खिल्ली उडाइरहेको हुन्छ । अहिले नेपालका प्रधानमन्त्री, भारतको नरेन्द्र मोदी, अमेरिकाका ट्रम्प, रूसका पुटिन र चीनका सी जिनपिङ यसै श्रेणीका नेता हुन पुगेका छन्। यिनले बुझ्न नसकेको कुरा के हो भने प्रख्यात वैज्ञानिक न्यूटनले to every action there is equal and opposite reaction भनेजस्तै उनीहरूले गर्न खोजेको क्रान्तिकै गर्भमा प्रतिक्रान्ति लुकेको छ। परिवर्तन जहिले पनि राम्रोको लागि गरिने काम हो। त्यसैले यो लोक–लोभ्याउने हुन्छ। यस्तो लोक–लोभ्याउने नारा दिएर जब कुनै व्यक्ति वा दल अगाडि आउँछ त्यसले जनताको व्यापक समर्थन पाउँछ तर लोक–लोभ्याउने लक्ष्य प्राप्त नभएपछि सिर्जित असन्तोषबाट प्रतिक्रान्ति जन्मन्छ र यसको अप्रतिम उदाहरण हालै भारतको बिहार राज्यमा भइरहेको निर्वाचनका दौरान भारतीय जनता पार्टीका नेताहरू र स्वयं बिहारका मुख्यमन्त्रीसँग जनताले गरेको व्यवहारबाट स्पष्ट देख्न र बुझ्न सकिन्छ। हालसालै अमेरिकामा कालाहरूसँग भएको पुलिसिया व्यवहारले उत्पन्न 'ब्लैक लाइभ्स मैटर' आन्दोलन अमेरिकाबाट शुरू भएर, ब्रिटेन हुँदै न्युजिल्यान्डसम्म पुगेको मात्रै होइन कोलम्बस, चर्चिलजस्ता आधुनिक र प्रजातान्त्रिक राज्य निर्माण गर्ने, कहलिएका नेताहरूको स्मारक ढालिइएको छ। अमेरिकामा ट्रम्पले गोरा नश्लवादी सङ्गठनलाई छुट दिएको, कोरोना नियन्त्रणमा पूर्णतया असफल भएको र अर्थतन्त्रमा आएको ३१.४५ प्रतिशतको गिरावटका कारण उनको अस्वीकार्यता बढेको मत सर्वेक्षणबाट जानकारी प्राप्त भएकै थियो ।

यो लेख छापिंदासम्म अमेरिकी राष्ट्रपतिको निर्वाचन र बिहार राज्यको निर्वाचनको परिणाम सार्वजनिक भइसक्नेछ । बिहारमा समेत यसपालि जातपात र उचनीच छाडेर रोजगार र शिक्षाको मुद्दामा चुनाव भइरहेको छ । यस्तोमा अमेरिकामा ट्रम्पको हारले संसारभरिकै सामाजिक विभेद अन्त्य गर्ने र प्रजातन्त्रको चौथो लहरलाई ऊर्जा प्रदान गर्नेछ भने भारतको बिहार राज्यमा तेजप्रताप र उनको दलको बहुमतले सीमावर्ती नेपाली क्षेत्रको सोचलाई समेत प्रभावित गर्नेछ । नेपालमा मधेसको विकास नहुनुको पछाडि नीतिगत भेदभाव एवं मधेसी नेताहरूको सामन्तवादी सोच नैं कारक रहेको छ। यो सोचमा नेताहरूले परिवर्तन गर्नुपर्नेछ, अन्यथा सीमान्तकृत भारतीय निर्वाचन क्षेत्रहरूबाट पाठ सिकेको जनताले नेताहरूलाई पाठ सिकाउने छ ।

नेपालमा कमरेड ओली सरकारको तीन वर्षे कार्यकालको निष्पक्ष मूल्याङ्कन गरी अमेरिकाको निर्वाचनको दौरान उठेका मुद्दाहरूसँग तुलना गरी हेर्दा एउटा खास वर्ग वा समूहलाई छाडा हुन दिएको, कोरोना नियन्त्रणमा पूर्णतया असफल भएको र आर्थिक क्षेत्रमा समेत वृद्धिदर ०.६ प्रतिशतसम्म मात्र रहने प्रक्षेपण भइरहेको अवस्थामा अमेरिकाबाट चलेको हावा भारतको बिहार हुँदै नेपाल प्रवेश नगर्ला भन्न सकिंदैन । यसको वेगलाई कसले कसरी रोक्ने वा चौथो लहरले नेपाललाई पनि बेर्ने हो कि हेर्न प्रतीक्षा गरौं ।

# स्वास्थ्यकर्मी भन्छन्– सङ्क्रमितको उपचार गर्दै जाँदा आँट बढ्यो

काठमाडौं, २५ कात्तिक/रासस

नेपालमा पनि कोभिड–१९ को सङ्क्रमण देखिन थालेपछि उपचारमा संलग्न स्वास्थ्यकर्मीलाई पनि चुनौती रहेको थियो । अन्य रोगभन्दा छिटो सर्ने, सावधानी भएर उपचार गर्नुपर्नेजस्ता कारणले शुरूमा कसरी उपचार गर्ने भन्नेमा स्वास्थ्यकर्मीलाई लागेको थियो। भौतिक पूर्वाधारको कमी र पर्याप्त मात्रामा स्वास्थ्य सामग्रीको अभावले अस्पताल र स्वास्थ्यकर्मीलाई उपचारमा समस्या भएको थियो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले पर्याप्त मात्रामा स्वास्थ्य सामग्री उपलब्धता, स्वास्थ्य बीमा र शतप्रतिशत भत्ताको व्यवस्थापन गरेपछि स्वास्थ्यकर्मीले पनि सङ्क्रमितको उपचारमा सहज बनाएको थियो । उपचारमा संलग्न स्वास्थ्यकर्मीले विश्व स्वास्थ्य सङ्गठनको कोभिड–१९ सम्बन्धी मापदण्ड र तालीमले सङ्क्रमितलाई उपचारमा सघाएको बताउँछन् । बिरामीलाई उपचार गर्दै जाँदा सिकेको अनुभव उपचार गर्न दक्षता हासिल आफूहरूले गरेको उनीहरूको भनाइ छ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा सागर राजभण्डारीले शुरूशुरूमा बिरामीको शय्यासम्म जान डराएकोमा पछि शय्यासम्म पुगेर बिरामीलाई मुसार्ने छुने गरेको बताए। "शुरूमा के कसरी उपचार गर्ने भन्नेमा थियो । पछि विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड र तालीम लिएपछि सिक्दै गऱ्यौं र उपचार गर्न पनि अभ्यस्त भयौं," उनले भने, "त्यसपछि त हामीले अन्य बिरामीलाई जस्तै सङ्क्रमित भएका बिरामीलाई उपचार गर्न थाल्यौं।" उनले नेपालमा दोस्रो सङ्क्रमित देखिएपछि आफूहरूले योजना बनाएर बिरामीको उपचार गरेको अनुभव सुनाए। "पहिलो सङ्क्रमितलाई हामीले उपचार गर्दा खासै योजना बनाएका थिएनौं," उनले भने, "जब दोस्रो सङ्क्रमित फेला परे अनि हामीले उपचारको लागि योजना बनाएको थियौं।"

यस्तै, सशस्त्र प्रहरी अस्पतालका डा प्रवीन नेपालले अस्तापलका स्वास्थ्यकर्मी शुरूशुरूमा कोभिड–१९ का सङ्क्रमितको उपचार गर्न डर मानेको बताए। आफूले सरुवा रोगका अन्य बिरामीलाई पहिले उपचार गरे पनि कोभिड–१९ का बिरामीलाई भने उपचार गर्दा अलिअलि डर हुने गरेको बताए। पछि स्रोत साधन उपलब्धता र तालीम लिएपछि सङ्क्रमितको उपचार गर्न कोही स्वास्थ्यकर्मी नहिचकिचाएको उनको भनाइ छ ।

"मैले कोभिड–१९ अगाडि क्षयरोग, एचआइभी, फ्लु, डेंगुजस्ता सरुवा रोगको पनि उपचार गरेको थिएँ," उनले भने, "शुरूमा कोभिड–१९ को कसरी उपचार गर्ने भन्ने अलमल र डर हुन्थ्यो। पछि तालीम लिएपछि र बिरामीको उपचार गरेपछि सिक्दै गयौं।" उनले युरोपमा भएका साथीसँग समन्वय गरेर पनि अस्पतालमा आउने सङ्क्रमितको सफल उपचार गरेको अनुभव सुनाए । "शुरूशुरूमा के होला ? सङ्क्रमितलाई कसरी शय्यासम्म पुऱ्याउने होला । के कसरी गर्ने भन्ने द्विविधा थियो," उनले भने, "तर पछि तालीम र विदेशका साथीसँगको समन्वयमा उपचार गर्न सिकियो । अहिले त सामान्य जस्तो लाग्छ।"

उनले व्यक्तिगत सुरक्षा कवच (पिपिई) लगाएर कोभिड–१९ को सङ्क्रमण नसर्ने भएपछि स्वास्थ्यकर्मीले जति पनि सङ्क्रमितको उपचार गर्न सक्ने बताए । पहिलेपहिले सङ्क्रमित पनि उपचार गर्न आउँदा आत्तिने, डराउने गरेका थिए तर अहिले त्यस्तो समस्या नभएको उनको भनाइ छ। अस्पतालका डा नेपालले पहिले दिनमा एकपटक मात्र भेट्ने बिरामीलाई अहिले दैनिक चार–पाँच पटक भेट्ने गरेको बताए ।

कोभिड–१९ अस्पताल वीर अस्पतालको कोभिड–१९ को सघन उपचार कक्ष (आइसियु)मा कार्यरत नर्स मुना पोखरेललाई पनि शुरूमा कोभिड–१९ का सङ्क्रमितको उपचार गर्न डर लाग्यो । न्यूरो वार्डमा काम गरिरहेकी

(बाँकी चौथो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# युद्ध अन्त्य गर्न अर्मेनिया र अजरबैजानबीच सम्झौता



अर्मेनिया र अजरबैजानबीच भएको सम्झौतापछि बाकु शहरको सडकमा खुशीयाली मनाउँदै स्थानीय। तस्वीरः रायटर्स

येराभान, अर्मेनिया, २५ कात्तिक/एपी

नागोर्नो–काराबाखमा भइरहेको युद्ध अन्त्यका लागि अर्मेनिया र अजरबैजानले सम्झौता गरेका छन्।

रुसको रोहबरमा मङ्लवार दुई देशले युद्ध अन्त्य गर्ने सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन्। योसँगै यस क्षेत्रमा झन्डै दुई हजार शान्ति सैनिक खटिएका छन्।

सन् १९९४ देखि अर्मेनियाको आदिवासी समुदायको नियन्त्रणमा रहेको यस क्षेत्रलाई दुवै देशले आफ्नो क्षेत्रको रूपमा दाबी गर्दै आएका छन्।

यस भूमिलाई आफ्नो दाबी गर्दै दुई देशका बीचमा भएको भिडन्तका क्रममा अहिलेसम्म तीस हजारभन्दा बढी मानिसको मृत्यु भइसकेको जनाइएको छ। पछिल्लो समय गत सेप्टेम्बर २७ तारिखदेखि फेरि युद्ध चर्किएको थियो। यस क्षेत्रमा बेलाबेलामा शान्त हुने र बेलाबेलामा युद्ध चर्किने हुँदै आएको छ।

दुई देशका बीचमा भएको सम्झौता आज मङ्लवारदेखि नै कार्यान्वयनमा आएकाले दुई देशबीच युद्ध तत्कालका लागि रोकिएको छ।

अर्मेनियाका प्रधानमन्त्री निकोल पशिनियानले सामाजिक सञ्जाल फेसबुकमार्फत लडाइँ सधैंका लागि अन्त्य गर्न आह्वान गरेका छन्। उनले लेखेका छन्, "यो लडाइँ भइरहँदा आफ्नलाई व्यक्तिगतरूपमा र आम नागरिकलाई अत्यन्त पीडा भइरहेको छ। त्यसैले यो अब सधैंका लागि अन्त्य गर्नुपर्दछ।"

अजरबैजान र अर्मेनियाबीच पछिल्लो समयमा ६ हप्तादेखि चलेको युद्धपछि सहमति भएको हो। विवादित नागोर्नो काराबाख क्षेत्रलाई अन्तर्राष्ट्रियरूपमा अजरबैजानको मानिन्छ तर त्यो क्षेत्र सन् १९९४ देखि अर्मेनियाको जातीय समूहको नियन्त्रणमा छ।

नयाँ सम्झौता अनुसार युद्धका क्रममा आफ्नो नियन्त्रणमा लिन सफल नागोर्नो काराबाख क्षेत्रका केही स्थान अजरबैजानले नै प्राप्त गर्ने भएको छ। त्यसबाहेक अन्य केही क्षेत्रबाट समेत आफू फिर्ता हुन अर्मेनियाले सहमति जनाएको छ।

युद्धका क्रममा अजरबैजानले रुसको सैन्य हेलिकोप्टर खसालेको पनि स्वीकार गरेको छ। उक्त आक्रमणमा चालक दलका दुई सदस्यको मृत्यु भएको थियो भने एकजना घाइते भएका थिए। रासस

# पेरूका राष्ट्रपतिविरुद्धको महाभियोग प्रस्ताव पारित

लिमा, पेरु, २५ कात्तिक/एएफपी

पेरुको संसद्ले राष्ट्रपति मार्टिन भिजकारालाई सन् २०१४ मा क्षेत्रीय प्रशासक रहेको समय घुस लिएको आरोपमा गरिएको महाभियोग प्रस्तावको पक्षमा संसद् उभिएको छ।

करीब आठ घण्टा चलेको महाभियोगको सुनुवाइपछि राष्ट्रपतिलाई हटाउने प्रस्तावमा १०५ र विपक्षमा १९ मत परेको हो।

महाभियोग प्रस्ताव पास हुनका लागि संसद्का ८७ सदस्यले उनको विपक्षमा मतदान गरे पुगेमा योभन्दा निकै धेरै १०५ मत परेको हो।

त्यसैगरी, संसद्ले गणतान्त्रिक पेरुको राष्ट्रपतिविरुद्धको महाभियोग प्रस्ताव पारित भएपछि उक्त स्थान खाली भएको जानकारी गराएको छ।

यसैबीच भिजकाराले राष्ट्रपतिको कार्यालय छोड्नुपूर्व शिर ठाडो गर्दै आफ्ना समर्थकबीच उभिएका थिए। आफूले संसद्को निर्णयलाई चुनौती दिन कानूनी बाटो नखोज्ने घोषणा गरे। उनका समर्थकहरूले राजधानी लिमा र अन्य मुख्य शहरमा उनको पक्षमा नाराबाजी गरेका थिए।

उनले भने," मैले सरकारबाट दुई वर्ष आठ महीनापछि छोड्दैछु।" यसपछि आफू तत्काल आफ्नो निजी निवासमा जाने उनले बताए।

"गणतन्त्रको राष्ट्रपति पद रिक्त रहेको घोषणा गर्ने प्रस्तावलाई अनुमोदन गरिसकेको छ," संसद सदस्य मानुयल मेरिनोले बताए।

"म स्पष्ट विवेकको साथ छोड्दै छु र मेरो कर्तव्य पूरा गरिसकें," भिजकाराले भने। आफ्नो ३२ महीनाको कार्यकालमा आफूले निकै लोकप्रियता पाएको उनको दाबी थियो।

पेरुमा सन् २०२१ को अप्रिलमा आम निर्वाचनका साथै राष्ट्रपतीय निर्वाचन हुने बताइएको छ। रासस

# अमेरिकी राष्ट्रपति ट्रम्पद्वारा रक्षामन्त्री बर्खास्त

वाशिङ्टन, २५ कात्तिक/एपी

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना रक्षामन्त्री मार्क इस्पेरलाई सोमवार बर्खास्त गरेका छन्।

राष्ट्रपति चयनका लागि हालै भएको निर्वाचनमा दोस्रो कार्यकालका लागि प्रतिस्पर्धा गरेर पराजित भएका ट्रम्पले कार्यकाल सकिनै लागेका समय रक्षामन्त्रीलाई बर्खास्त गरेका हुन्।

रक्षामन्त्री इस्पेरको बर्खास्तीलाई अप्रत्याशित र अस्वाभाविक मानिएको छ। राष्ट्रपति ट्रम्पले सामाजिक सञ्जाल ट्वीटरमार्फत इस्पेरलाई हटाएको जानकारी दिएका छन्। तर उनलाई हटाउनुको कारण भने उनले स्पष्ट पारेका छैनन्।

ट्रम्प र इस्पेरका बीचमा पछिल्लो केही समयदेखि मतभेद रहेको थियो। गत जूनमा एकजना अश्वेत अमेरिकीको हत्या भएपछि चर्किएको आन्दोलनका क्रममा सेना परिचालन गर्ने कि नगर्ने बारेमा उनीहरूका बीचमा मतभेद भएको हो। त्यति बेला ट्रम्पले आन्दोलन दबाउन सेना परिचालन गर्न खोजे पनि रक्षामन्त्री इस्पेरले भने अस्वीकार गरेका थिए। त्यति बेला नै उनलाई ट्रम्पले बर्खास्त गर्ने अनुमान गरिए पनि अहिले भने अनुमान गरिएको थियो।

राष्ट्रपति ट्रम्पले इस्पेरलाई हटाएर खाली भएको रक्षामन्त्रीको पदमा नेशनल काउन्टर टेरोरिजम सेन्टरका निर्देशक क्रिस्टोफर मिलरलाई जिम्मेवारी दिएका छन्।

ट्रम्पले नवनियुक्त रक्षामन्त्री मिलरले राम्रो काम गर्ने विश्वास व्यक्त गर्दै बर्खास्त रक्षामन्त्री इस्पेरलाई विगतको सेवाका लागि धन्यवाद दिएका छन्।

बर्खास्त भएका इस्पेरले पनि राष्ट्रपति ट्रम्पप्रति धन्यवाद ज्ञापन गर्दै जिम्मेवारीमा रहँदा संविधान र सैनिक तथा सुरक्षाको मर्म अनुसार काम गर्ने प्रयत्न गरेको उल्लेख गरेका छन्। रासस

# म्यानमामा सूचीको पार्टीलाई बहुमत

याङ्गुन, २५ कात्तिक/एएनआई

म्यानमाका सत्तारूढ दल नेशनल लिग फर डेमोक्रेसी (एनएलडी)ले बहुमत प्राप्त गरेको छ।

प्रजातन्त्रवादी नेत्री आङ साङ सूची नेतृत्वको पार्टीले आइतवार भएको निर्वाचनबाट प्रतिनिधिसभामा बहुमत प्राप्त गरेको हो। उनको पार्टीले बहुमत प्राप्त गरेको केन्द्रीय निर्वाचन आयोगले मङ्गलवार घोषणा गरेको छ।

निर्वाचनमा कुल पाँच हजार ६३९ जना उम्मेदवारमध्ये सूचीको सत्तारूढ दलको तर्फबाट एक हजार १०६ जना उम्मेदवार रहेका छन्। म्यानमाका एक हजार ११७ संसद् सदस्यका लागि निर्वाचन भएको हो।

मङ्गलवार बिहानसम्ममा कुल ४७ जना निर्वाचित भएकामा सूचीको पार्टीले मात्रै ४४ सिटमा जीत हासिल गरेको छ। विपक्षी युएसडिपी तीन सिटमा मात्रै विजयी भएको थियो।

म्यानमामा सन् २०१२ मा उपनिर्वाचन भएको थियो भने सन् २०१५ मा आमनिर्वाचन भएको थियो। त्यो कार्यकाल सकिएपछि अहिले फेरि निर्धारित समयमैं निर्वाचन भएको हो। सन् २०१५ मा भएको निर्वाचनमा पनि सूचीको पार्टीले पूर्ण बहुमत प्राप्त गरी सन् २०१६ देखि सरकार सञ्चालन गर्दै आएको थियो। रासस

# पटेर्वासुगौलीमा शुभकामना कार्यक्रम

प्रस, पंचगावाँ, २५ कात्तिक/

नेपाल शिक्षक सङ्घ पटेर्वासुगौली गाउँपालिका एकाइको आयोजनामा दीपावली तथा छठ पर्वको अवसरमा शुभकामना कार्यक्रम भएको छ।

पटेर्वासुगौली गापा–४ गुदरबाबा मन्दिर प्राङ्गणमा भएको शुभकामना कार्यक्रमको उद्घाटन ज्येष्ठ नागरिक परमेश्वर गौरोले गरेका थिए।

कार्यक्रममा गापा उपाध्यक्ष ममता महतोले बालबच्चाको जीवन सुधारमा शिक्षकहरूलाई एक भएर अगाडि बढ्न सुझाव दिइन्। उनले शिक्षकबीचको गुट, उपगुटले स्थानीय तहमा काम गर्न अप्ठेरो भएको बताइन्। उनले पार्टीभित्र पनि सोही अनुरूपको गुट, उपगुट हावी भएकोले पर्सा जिल्लामा पराजय भोग्नुपरेको बताइन्। उनले आगामी चुनावमा सबै एक भएर जिल्लामा नेकाको एकाधिकार बनाउन आग्रह गरिन्।



सुगौली गाउँपालिका–४ गुदरबाबा मन्दिर प्राङ्गणमा आयोजित शुभकामना कार्यक्रममा सहभागीहरू। तस्वीरः प्रतीक

युवा नेता चन्द्रकिशोर चौधरीले कम्युनिस्ट सरकारले शिक्षा, स्वास्थ्य, कृषि क्षेत्रमा खासै प्रगति नगरेको आरोप लगाए। उनले यो क्षेत्रमा सरकारले विभेद गरेको बताए। उनले समाज सुधारमा शिक्षकको भूमिका अहम् हुने हुनाले आफ्नो जिम्मेवारी वहन गर्न सुझाए।

नेकाका जिल्ला सदस्य दिनेश चौधरीले शिक्षकविना राजनीतिक सफलता नहुने दाबी गरे। उनले शिक्षकहरूलाई राजनीतिकरूपमा एक हुन आग्रह गरे। एकाइ कमिटी संयोजक हरिराज यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा नेपाल रेडक्रस पर्साका उपाध्यक्ष भगवती चौधरी, नेका पर्सा क्षेत्र नं ३ का संयोजक सुलेमान मियाँ दर्जी, नेपाल शिक्षक महासङ्घका जिल्ला अध्यक्ष तीर्थराज यादव, शिक्षक सङ्घ पर्साका अध्यक्ष प्रदीप जैसवाल वडाध्यक्षहरू माधव राउत, विजय गैरेलगायतले शुभकामना व्यक्त गरेका थिए।

# पार्टी हितको लागि एकजुट हुन आग्रह

प्रस, पर्सागढी, २५ कात्तिक/



पर्सागढी नगरपालिका–३ मा आयोजित शुभकामना कार्यक्रम। तस्वीरः प्रतीक

नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य अजय चौरसियाले पार्टी कार्यकर्ताहरूलाई एकजुट भएर पार्टी हितमा लाग्न आग्रह गरेका छन्।

पर्सागढी नगरपालिका–३ स्थित तम्बा छ्योलिङ विश्व उद्धार गुम्बामा नेका पर्सागढी नपाले आयोजना गरेको नगरस्तरीय शुभकामना आदानप्रदान तथा समीक्षा गोष्ठीमा कार्यक्रमका प्रमुख अतिथि एवं केन्द्रीय सदस्य चौरसियाले पार्टीमा मतमतान्तर हुनु स्वाभाविक भएपनि त्यसको आडमा गुटबन्दी गरेर राजनीतिक गर्दा पार्टीको हित नहुने बताए। उनले सबैलाई एक भएर पार्टी हितमा लाग्न आह्वान गरे।

पर्सागढी नपाका नगर संयोजक विश्वमोहनदास थारूको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रदेशसभा सदस्य राजेश्वर साह तेली, नगरप्रमुख लोकनारायण यादव, वडाध्यक्ष समसुद्दीन शाह देवान, किसुनदेवप्रसाद यादव, बुथ सभापति जङ्बहादुर दास थारू, जिल्ला सदस्य सुकमान तामाङ, राजेश्वर यादव, सरजुग साहलगायतले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रमको सहजीकरण लक्ष्मी लामाले गरेकी थिइन्।

### नदीजन्य पदार्थ.....

देखिएकाले परिमार्जन गर्ने निर्णय पनि गरेको छ।

उक्त मापदण्डलाई समयसापेक्ष बनाउन आवश्यक समन्वय गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले १५ दिनभित्र परिमार्जन गर्ने निर्णय पनि बैठकले गरेको छ।

# अफिमसहित दुईजना पक्राउ

जीतलाल श्रेष्ठ, निजगढ, २५ कात्तिक/

प्रतिबन्धित लागूऔषध अफिमसहित बाराको निजगढबाट दुईजनालाई पक्राउ गरिएको छ।

पक्राउ पर्नेमा बारा निजगढ नगरपालिका–७ का वर्ष २८ का सोम जिम्बा र सर्लाही बाग्मती नगरपालिका १२ का वर्ष ३० का दिल बहादुर थिङ रहेको बारा प्रहरीले जनाएको छ। केन्द्रीय अनुसन्धान ब्युरोको टोली र इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरको संयुक्त टोलीले १ किलो ८०० ग्राम अफिमसहित जिम्बा र थिङलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान शुरू गरिएको इप्रका चन्द्रनिगाहपुरका प्रहरी नायब उपरीक्षक हेमबहादुर शाहीले जानकारी दिए। उनीहरूलाई निजगढ–८ स्थित बुद्धचोक आसपासबाट पक्राउ गरिएको इलाका प्रहरी कार्यालय निजगढले जनाएको छ। पक्राउ परेकामध्ये एकजना निजगढ प्रहरी परिसरबाट भाग्न थाल्दा प्रहरीले तत्कालै नियन्त्रणमा लिन सफल भएको थियो।

### लजिस्टिक नियमावली.....

नसोचेको बताए। उनले श्रीसिया सुक्खा बन्दरगाह र आइसिपीमा उद्योगी व्यवसायी तथा एजेन्टको लागि न्यूनतम सेवासमेत प्रवाह नभएको औंल्याए। सेवाग्राहीका लागि राम्रो शौचालय, बस्ने कोठा, चालकको लागि आराम गर्ने कक्ष, क्यान्टिन, होटललगायतका केही सुविधा छैन। २४ घण्टामा १० घण्टा भन्सार बन्द रहन्छ। १४ घण्टा मात्र भन्सारले सेवा दिने भएकोले एक दिन पास भएको ट्रक अर्को दिन निस्किंदा दुई दिनको पार्किङ शुल्क तिर्नुपर्ने बाध्यता छ।

यस विषयमा नेपाल सरकारको वाणिज्य सचिव बैकुण्ठ अर्यालले नेपाल सरकारले लजिस्टिक व्यवसायलाई एउटा अवसरको रूपमा अध्ययन गरी आगामी वैशाखभित्र लजिस्टिक व्यवसाय सञ्चालन र नियमन गर्न नियमावली बनाउन लागेको बताए। उनले भने, "उद्योगी–व्यवसायी र विज्ञको सुझावको आधारमा आगामी वैशाखसम्म सरकारले लजिस्टिक व्यवसाय सञ्चालन गर्ने नियमावली बनाउनेछ। त्यसपछि यो व्यवसायमा पनि आकर्षण थपिनेछ भने व्यवस्थित हिसाबले लजिस्टिक व्यवसाय अघि बढ्नेछ।"

# प्रश्नपत्र निर्माणसम्बन्धी गोष्ठी

प्रस, रौतहट, २५ कात्तिक/

रौतहट जिल्लामा विज्ञान समूहतर्फका प्रश्नपत्र निर्माणका लागि एक दिने कार्यशाला गोष्ठी सम्पन्न भएको छ।

राजदेवी नगरपालिकास्थित नेमधारी वासुदेव नमूना मावि मुडवलवामा आयोजित कार्यशाला गोष्ठीको उद्घाटन परीक्षा सञ्चालन समितिका संयोजक सुदामा राय यादवले गरेका थिए। कार्यक्रममा विद्यालयका प्रअ रविशङ्कर यादवले कार्यशालासम्बन्धी जानकारी गराएका थिए। उनले प्रश्नपत्र निर्माण विशिष्टीकरण तालिका, सम्बन्धित विषयको पाठ्यक्रम तथा रा.प. बोर्डबाट उपलब्ध स्रोत साधनको प्रयोग गरी प्रश्नपत्र निर्माण गरेर रौतहट जिल्लाको परीक्षा गुणस्तरीय कायम गराउन शिक्षकहरूको महत्वपूर्ण भूमिका हुने बताए। कार्यक्रममा विज्ञान समूहतर्फका विषयहरू भौतिक, रसायन, गणित, जीव विज्ञान तथा प्राविधिक धार एचबी समूह सिभिल, कम्प्युटर इन्जिनीयरिङतर्फका २/२ विषयका बारेमा कार्यशालामा जानकारी गराइएको थियो।


प्रदेश सरकार
प्रदेश नं २
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
गौर, रौतहट

**संशोधित सूचना**

यस कार्यालयबाट मिति २०७७।०७।२५ गते प्रकाशित Invitation For Bids सूचनामा बोलपत्र खरीद गर्ने अन्तिम मिति २०७७।०८।२४ हुनुपर्नेमा भूलवश २०७४।०८।२४ हुन गएकोले सोलाई संशोधन गरी बोलपत्र खरीद गर्ने अन्तिम मिति २०७७।०८।२४ कायम गरिएको तथा धरौटी रकम रु १,५०,०००।०० खाता नं. १२१०१००२०२०३०००० खाताको नामः ख–२–३–धरौटी प्र.ले.नि.का. रहेको समेत सम्बन्धित सबैमा जानकारीको लागि यो संशोधित सूचना प्रकाशन गरिएको छ।

- उद्योग अधिकृत


## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | शत्रुभय | वृष | चोरभय |
| मिथुन | उदरपीडा | कर्कट | विजय |
| सिंह | कान्तिक्षय | कन्या | भाग्योदय |
| तुला | बेचैनी | वृश्चिक | मनोरञ्जन |
| धनु | कर्मप्राप्ति | मकर | राज्यलाभ |
| कुम्भ | वादविवाद | मीन | व्यापारवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# पानीटयाङ्की सडक निर्माणमा अनियमितता


तस्वीरः प्रतीक

प्रस, वीरगंज, २५ कात्तिक/

वीरगंज महानगरपालिकाको लगानीमा पानीटयाङ्कीदेखि बाइपाससम्म निर्माण भइरहेको कालोपत्रे कार्य गुणस्तरहीन भएको स्थानीयले आरोप लगाएका छन्।

२०७५ असारमा सो सडकलाई कालोपत्रे गरिएको थियो। प्रत्येक वर्ष सो सडक कालोपत्रे भइरहे पनि कालोपत्रे गुणस्तरहीन हुने गरेको स्थानीयले आरोप लगाए। कालोपत्रे र मरम्मत कार्य मापदण्ड अनुसार नरहेको देखिन्छ। पिचमाथि पिच गर्दा टिकाउ नहुने प्राविधिकहरूको भनाइ छ। कालोपत्रे गर्नका लागि पुरानो पिच उखेलेर मापदण्ड अपनाइ काम गर्नुको साटो पिचमाथि पिच गर्दा सडक टिकाउ नहुने स्थानीयको भनाइ छ।

यस विषयमा महानगरका योजना शाखा प्रमुख इन्जिनीयर राकेश साहले सो सडक कालोपत्रे तथा मरम्मत नगरी ओभरल्यापको योजना रहेको तर शीर्षक मात्र मरम्मतको रहेको बताए। ठेक्का रकमको ३६ प्रतिशत घटीमा महाशक्ति कन्स्ट्रक्शनले ठेक्का सकार गरेको हो। ठेक्का सकार मूल्य रु २५ लाख रहेको जनाइएको छ। आफू पनि केही समय अगाडि आएकोले गत वर्ष सो सडकखण्डमा काम भए, नभएको जानकारी नभएको ई साहले बताए। उनले ४० एमएमको कालोपत्रेमाथि ओभरल्याप गर्ने योजना अनुसार काम भइरहेको र स्थानीयले लगाएको आरोप बुझ्न प्राविधिकहरूलाई पठाउने बताए।

# श्रीवास्तवमाथि कारबाईका लागि उजूरी

प्रस, रौतहट, २५ कात्तिक/

नेपाल पत्रकार महासङ्घ प्रदेश नं २ का सदस्य शैलेन्द्र झाले कृषि ज्ञान केन्द्रका निमित्त प्रमुख रवीन्द्रकुमार श्रीवास्तवमाथि मङ्गलवार कारबाईका लागि जिल्ला प्रशासन कार्यालय रौतहटमा उजूरी दिएका छन्।

कृषि ज्ञान केन्द्रमा प्राङ्गारिक मल खरीद, स्यालो ट्यूवेल जडान, भवनको छत मर्मत, बिजुली वाइरिङमा अनियमितता भएकोले उनले आवश्यक कारबाहीका लागि जिप्रका रौतहटमा उजूरी दर्ता गराएका हुन्।

सार्वजनिक खरीद ऐनविपरीत निमित्त प्रमुख श्रीवास्तवले विभिन्न शीर्षकमा खर्च गरी अनियमितता गरेकाले जिप्रकामा उजूरी दिएको झाले बताए।

पत्रकार झाले उजूरी दिएपछि निमित्त प्रमुख श्रीवास्तवले उनलाई धम्की दिंदै अभद्र व्यवहार गरेपछि उनले कारबाई माग गरेका छन्। व्यापक अनियमितता भएको थाहा पाउँदा सत्यतथ्य जानकारी लिन नेपालको संविधानको धारा २७ तथा सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ३ र ७ बमोजिम सूचना माग निवेदन दर्ता गराउन सूचना अधिकारीकहाँ जाँदा निमित्त प्रमुख श्रीवास्तवले सूचना दिन मिल्दैन भन्दै अभद्र व्यवहार गरेका थिए।

सूचना अधिकारीलाई कात्तिक २३ गते निवेदन दिएकोमा निवेदनसँग नागरिकताको प्रतिलिपि राख्न आग्रह गर्दा आफू नागरिकताको प्रतिलिपि लिई कात्तिक २४ गते सूचना अधिकारीकहाँ जाँदा नि प्रमुख श्रीवास्तवले अभद्र व्यवहार गरेको पत्रकार झाले बताए।

रौतहटका सञ्चारकर्मीहरूले सूचना माग गर्दा हालसम्म कसैलाई सूचना दिइएको छैन।

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
| --- | --- | --- | --- | --- |
| | | जानकारी आएन | | |




# लागूऔषधसहित दुईजना युवक पक्राउ

प्रस, वीरगंज, २५ कात्तिक/

जिल्ला प्रहरी कार्यालय, पर्साले लागूऔषधसहित दुईजना युवकलाई पक्राउ गरेको छ।


तस्वीरः प्रतीक

वीरगंज महानगर-२५ मौजे श्रीसियाबाट बारा जिल्ला, कलैया उपमहानगर-९ रामपुर बस्ने २० वर्षीय रोशन साह कलवारलाई फेनारगन, डाइजेपाम, नुर्फिन ६००/६०० थान गरी १८ सय एम्पुलसहित पक्राउ गरिएको थियो। पक्राउ परेका कलवारले दिएको सूचनाको आधारमा प्रहरीले कलैया उपमहानगर-९ रामपुरबाट २९ वर्षीय चन्दन कुशवाहालाई पनि पक्राउ गरेको छ। ना.२प ६४२८ नं.को मोटरसाइकलसहित कुशवाहालाई पक्राउ गरिएको हो। प्रहरीले दुवैजनाको मिलेमतोमा लागूऔषधको कारोबार हुने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको जनाएको छ। पक्राउ परेका दुवैजनालाई लागूऔषध मुद्दा चलाइएको जिप्रका, पर्साले जनाएको छ।

## खेलकुदको संसार

# भेट्रान फूटबलमा वीरगंज र सिमरा विजयी

प्रस, जीतपुर, २५ कात्तिक/


तस्वीरः सौजन्य

जीतपुरसिमरा उपमहानगरपालिका-५ बकुलियामा जारी भेट्रान क्रिकेट प्रतियोगिता अन्तर्गत मङ्गलवार सम्पन्न दोस्रो दिनको खेलमा वीरगंज र सिमरा विजयी भएका छन्।

वीरगंजले बकुलियालाई र सिमराले कोल्हवीलाई पराजित गरेको हो।

यसअघि हिजो त्रिशूल युवा क्लबद्वारा आयोजना गरिएको भेट्रान फूटबल प्रतियोगिताको जीतपुरसिमरा उपमहानगरपालिकाकी उपप्रमुख सरस्वतीदेवी चौधरीले उद्घाटन गरेकी थिइन्। उद्घाटन खेलमा हेटौंडा र वीरगंज विजयी भएका थिए।

दुईवटा खेलमा हेटौंडा-वीरगंज र वीरगंज-फतेपुरबीचको खेलमा हेटौंडा र वीरगंज विजयी भएका हुन्।

प्रतियोगितामा ४० वर्षमाथिका खेलाडीहरू सहभागी ८ वटा समूह भाग लिएको नेकपाका नेता मनोज पौडेलले बताए।

# मकवानपुरकी निरूलाई पुम्सेमा स्वर्ण पदक

प्रस, मकवानपुर, २५ कात्तिक/

यही कात्तिक २२ देखि २४ गतेसम्म सम्पन्न भर्चुअल अन्तर्राष्ट्रिय तेक्वान्दो पुम्से च्याम्पियनशिपमा मकवानपुरकी निरू मगरले स्वर्णपदक जितेकी छन्।

च्याम्पियनशिपमा नेपालसहित १९ राष्ट्रका तीन सय ६२ खेलाडीले प्रतिस्पर्धा गरेका थिए। च्याम्पियनशिपमा नेपालका १ सय ९० जना साथै हङकङ, मलेसिया, श्रीलंका, भारत, म्यानमा, मकाउ, थाइल्यान्ड, मेक्सिको, अस्ट्रेलिया, जापान, नाइजेरिया, बङ्गलादेश, पूर्वी टिमोर, बेलायत, दक्षिण कोरिया, फिलिपिन्स र कम्बोडियाका समेत ७९१ जना खेलाडीले प्रतिस्पर्धा गरेका थिए।

४० वर्षभन्दा बढी उमेर समूहका सहभागीबीच भएको प्रतिस्पर्धामा नेपालको तर्फबाट सहभागी निरू मगर स्वर्णपदक जित्न सफल भएकी हुन्। उनी मकवानपुर तेक्वान्डो डोजाङ्की खेलाडी हुन्।

# सशस्त्र र जनपद प्रहरीबीच ढुङ्गा हानाहान

प्रस, वीरगंज, २५ कात्तिक/

वीरगंज महानगर-१७ नगवाको पूर्वपट्टि रहेको सिंघाही खोलामा आइतवार राति बारा सशस्त्र प्रहरी तथा पर्सा प्रहरीबीच झडप भएको समाचार छ।

भारतबाट तस्करीको सामान वीरगंज ल्याउन खोज्दा बाराका सशस्त्र प्रहरी तथा पर्साका नेपाल प्रहरीबीच ढुङ्गा हानाहान भएको प्रत्यक्षदर्शीले बताएका छन्।

बारा, पर्सा सीमा छुट्याउने सिंघाही नदीको पूर्वपट्टि बाराबाट वीरगंजमा ल्याउन लागेको पटाकालगायत अन्य सामान नेपाल प्रहरीले रोक्न खोज्दा तस्करहरूले प्रहरीमाथि ढुङ्गा प्रहार गरेको प्रत्यक्षदर्शीले बताए।

खोलानजीकै रहेको फोहरमैला व्यवस्थापन केन्द्र, वीरगंजका कर्मचारीलाई समेत बाराका सशस्त्र प्रहरीले कुटपिट गरेको जानकारी प्राप्त भएको छ।

प्रहरी स्रोतका अनुसार सो सामान वीरगंज छिराउन इलाका प्रहरी कार्यालय नगवाले रकम लिएको र सामान आउँदैछ भनी सूचना प्रहरी चौकी इनर्वाले थाहा पाएपछि इनर्वा प्रहरी चौकीले सामान रोक्न खोजेको थियो। सोही क्रममा बारा र पर्साका सुरक्षाकर्मीबीच विवाद भएको थियो।

यस विषयमा इलाका प्रहरी कार्यालयका प्रहरी नायब निरीक्षक श्यामकिशोर यादवसँग बुझ्दा राति साढे ९ बजेतिर प्रहरी चौकी इनर्वा र बाराका सशस्त्र प्रहरीबीच विवाद भएको तर आफू पछि गएको बताए।

वडा प्रहरी कार्यालय बिर्ताबाट गएको टोलीले विवाद सुल्झाएको प्रनानि यादवले जानकारी गराए।

प्रहरी उपरीक्षक गङ्गा पन्तले बारा हुँदै पर्सामा ठूलो मात्रामा पटाकालगायत अन्य सामानहरू आउन लागेको सूचनाको आधारमा प्रहरीले रोक्न खोज्दा तस्करहरूले ढुङ्गामुढा गरेको र सो विषयमा अनुसन्धान भइरहेको जानकारी दिइन्।

# क्लबको भवन भत्काउने विषय विवादमा

प्रस, पोखरिया, २५ कात्तिक/

कालिकामाई गाउँपालिका-२ गदियानीस्थित ब्रिलियन्ट युवा क्लबको भवन अदालतको आदेशमा भत्काउन लागेको गाउँपालिकाका अध्यक्ष नथुनी कुशवाहाले बताएका छन्।

एक दशकअघि निर्मित सो भवन सार्वजनिक जग्गामा निर्माण भएको र सो सम्बन्धमा जिल्ला, उच्च र सर्वोच्चको फैसला क्लबविरुद्ध भएको र अदालतले गाउँलेहरूको विरोधको कारण भवन अहिले भत्केको छैन। गापा अध्यक्ष


ब्रिलियन्ट युवा क्लबले निर्माण गरेको भवन। तस्वीरः सौजन्य

सार्वजनिक स्थानमा निर्मित भवन भत्काउन निर्देशन दिएको हुनाले भत्काउन खोजेको बताएका छन्।

सार्वजनिक जग्गामा निर्मित ब्रिलियन्ट युवा क्लबको भवन खाली गराउने विषयमा राजुल सहनीले मुद्दा दायर गरेका थिए। हालै मुद्दाको फैसला क्लबविरुद्ध आएपछि खाली गराउन लागेको गापा अध्यक्ष कुशवाहाले प्रस्ट्याए। कात्तिक २० गते गापा अध्यक्ष कुशवाहा र वडाध्यक्ष सोनालाल साह भवन भत्काउनको लागि जेसिबी लिएर पुगेका थिए। स्थानीयले भने क्लबले प्रयोग गर्ने भवन तोड्नुको साटो अन्य प्रयोजनमा ल्याउन माग गरेर रोक लगाएका थिए। कुशवाहा भने अदालतको आदेश भएकोले भवन भत्किने कुरामा अडिग छन्। गाउँलेहरू भने क्लबको भवनमा पशु अस्पताल अथवा वडाकै अन्य कामको लागि प्रयोग गर्नुपर्ने सुझाव दिन्छन्।

१० धुर जग्गामा रहेको सो भवनको विषयलाई लिएर अहिले गदियानीमा मतमतान्तर शुरू भएको छ। गापा अध्यक्षमाथि व्यक्तिगत प्रतिशोधमा आएर सार्वजनिक सम्पत्ति तहसनहस गर्न खोजेको आरोप लागेको छ तर गापा अध्यक्षले भने सो आरोप मिथ्या भएको बताए। दश वर्षसम्म मुद्दा खेपेर अहिले हारेपछि मिथ्या आरोप लगाउनु गलत हुने उनको भनाइ छ।